# स्थानीय राजपत्र

## भाग-२ खण्ड २ संख्या १०

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

### योजना तथा कार्यक्रम सञ्चालन निर्देशिका

### २०७५

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)


बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या १० २०७५ चैत्र १५

**भाग–२**


## “योजना तथा कार्यक्रमसञ्चालन निर्देशिका २०७५”

### प्रस्तावना

आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार विकास देश विकासको मेरुदण्ड हो । गुणस्तरीय र दिगो विकास विना आर्थिक समृद्धि सम्भव छैन । आर्थिक समृद्धिविना नागरिकको दैनिक जीवनसंग सम्बन्धित गाँस वास कपास शिक्षा र स्वास्थ्य जस्ता आधारभुत पक्षहरुको व्यवस्थापन पनि सम्भव छैन । नेपालको सन्दर्भमा पर्याप्त औद्योगिक विकास र यसले सिर्जना गर्ने रोजगारीका अवसरहरुको अभाव भएका कारण आम नेपाली युवा युवतीहरु वैदेशिक रोजगारीमा होमिन वाध्य भएका छन । नगरसभा नगर कार्यपालिका र नगर कार्यपालिकाको कार्यालयवाट स्वीकृत विभिन्न योजना तथा कार्यक्रम सञ्चालनलाई छिटोछरितो, प्रभावकारी, पारदर्शि, परिणाममुखी, स्थानीय रोजगारमुखि र कार्यप्रणालीमा आधारित वनाई जनउत्तरदायी तवरले सञ्चालन गर्ने स्थानीय श्रोत साधनको अधिकतम

उपयोग गरी स्थानीय रोजगारी श्रृजना हुनेगरी विकास निर्माण तथा आर्थिक सामाजिक विकासका कार्यहरुलाई सहज वनाउदै लैजाने तथ्यलाई आत्मसात गर्दैस्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र वागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन् २०७५ को दफा ४ वमोजिम वागलुङ नगर कार्यपालिकाको मिति २०७५।१२।१३ को स्वीकृतिले यो **"योजना तथा कार्यक्रम सञ्चालन निर्देशिका २०७५"**जारी गरिएको छ ।

## परिच्छेद १
## सक्षिप्त नाम, प्रारम्भ लक्ष र उद्धेश्य

१. **नाम**:-यो निर्देशिकाको नामवागलुङनगरपालिकाको **"योजना तथा कार्यक्रम सञ्चालन निर्देशिका २०७५**"रहने छ ।

२. **प्रारम्भ** :- वागलुङ नगरकार्यपालिकावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएकोमितिदेखि प्रारम्भ हुने छ

३. **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

   १. निर्देशिका भन्नाले वागलुङ नगरपालिकाको **"योजना तथा कार्यक्रम सञ्चालन निर्देशिका २०७५"** लाई संझनु पर्नेछ ।
   २. वोर्ड भन्नाले वागलुङ नगरकार्यपालिकालाई संझनु पर्नेछ ।
   ३. प्रमुख भन्नाले वागलुङ नगरकार्यपालिकाका प्रमुखलाई संझनु पर्नेछ ।
   ४. तोकिएको वा तोकिए बमोजिम भन्नाले यस निर्देशिका बमोजिम तोकिएको वा नगर प्रमुख वा नगरकार्यपालिकावा नगर कार्यपालिकाको कार्यालयको निर्णय समेतलाई सम्झनु पर्नेछ ।

५. खर्चको अख्तियारी प्राप्त अधिकारीभन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्नेछ । यो शव्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको खर्चको अधिकारी समेतलाई जनाउनेछ ।

४. **लक्ष्य र उद्धेश्य**:-“वागलुङ नगरसभा नगर कार्यपालिका र नगर कार्यपालिकाको कार्यालयवाट स्वीकृत विभिन्न योजना तथा कार्यक्रम सञ्चालनलाई छिटोछरितो, प्रभावकारी, पारदर्शि, परिणाममुखी, रोजगारमुखि र कार्यप्रणालीमा आधारित वनाई स्थानीय श्रोत साधनको अधिकतम उपयोग गरी स्थानीय रोजगारी श्रृजना हुनेगरी भौतिक पुर्वाधार विकास निर्माण तथा आर्थिक सामाजिक विकासका सम्पादित कार्यहरुलाई सहज र परिणाममुखि वनाउदै सिप र रोजगारीको पंहुचमा वृद्धि गर्दै दिगो विकासको लक्ष्य प्राप्ती गर्ने ।

## परिच्छेद २

## भौतिक पुर्वाधार विकास कार्यक्रम सञ्चालनका क्षेत्रहरु

५. **कार्यक्रम सञ्चालनका क्षेत्रहरु**

१. नगर र नगरको सर्वोपरि हितका लागि नगर सभा, नगर कार्यपालिका र कार्यपालिकाको कार्यालयवाट स्वीकृत भएका, संघीय र प्रदेश सरकारवाट स्वीकृत भएका भौतिक पुवाधार विकासका योजना तथा कार्यक्रमहरु देहाय वमोजिमका माध्यामहरुवाट सञ्चालन गर्न सकिनेछ ।

१. उपभोक्ता समिति

२. ठेक्का पट्टा

३. अमानत

२. योजना तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु देहाय वमोजिम हुनेछन ।

१. सडक निर्माण (ट्र्याक ओपन)

२. सडकसुधार विस्तार ।

३. सडकस्तरोन्नती ।

३. वुंदा नं २ अनुसारका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा वुंदा नं १(१) वमोजिम सम्पादन गर्नुपर्ने भएमा देहाय वमोजिम गर्नु पर्नेछ ।

१. सडक निर्माण (ट्र्याक ओपन) गर्दा देहाय वमोजिम हुनेगरी लागत अनुमान गर्नु सम्बन्धित प्राविधिकको कर्तव्य तथा दायित्व हुनेछ ।

क) पाँचलाख सम्मका योजना भए न्युनतम ९५ प्रतिशत भौतिक पुर्वाधारमा लगानी गर्नु पर्नेछ र अधिकतम ५ प्रतिशत मात्र साधारण तथा व्यवस्थापन खर्च गर्न सकिने छ ।

ख) बिसलाख रुपैया सम्मका योजना भए न्युनतम ९६ प्रतिशत भौतिक पुर्वाधारमा लगानी गर्नु पर्नेछ र अधिकतम ४ प्रतिशत मात्र साधारण तथा व्यवस्थापन खर्च गर्न सकिनेछ ।

ग) वीसलाख रुपैँयाभन्दा माथीका योजना भए न्युनतम ९८ प्रतिशत भौतिक पुर्वाधारमा लगानी गर्नु पर्नेछ र अधिकतम २ प्रतिशत मात्र साधारण तथा व्यवस्थापन खर्च गर्न सकिनेछ ।

छ) उपरोक्तानुसारका सवै आयोजनाहरु कार्यान्वयन हुने समयमा नगर कार्यपालिकाले तोके वमोजिमको कन्टिजेन्सी रकम श्रोतमा नै कट्टा हुनेछ ।

२. सडक सुधार तथा विस्तारको कार्य गर्दा देहाय वमोजिम हुनेगरी लागत अनुमान गर्नु सम्बन्धित प्राविधिकको कर्तव्य तथा दायित्व हुनेछ ।

क) पाँच लाख रुपैया सम्मका योजना भए न्युनतम ६० प्रतिशत संरचना निर्माणमा लगानी गर्नु पर्नेछ र अधिकतम ४० प्रतिशत सुधार विस्तारका कार्यमा लगानी गर्नु पर्नेछ।

ख) विस लाख रुपैयासम्मका योजना भए ८० प्रतिशत संरचना निर्माणमा लगानी गर्नु पर्नेछ र २० प्रतिशत सुधार विस्तारका कार्यमा लगानी गर्नु पर्नेछ।

ग) वीस लाख रुपैया भन्दा माथीका योजना भए न्युनतम ७० प्रतिशत संरचना निर्माणमा लगानी गर्नु पर्नेछ र अधिकतम ३० प्रतिशत सुधार विस्तारका कार्यमा लगानी गर्नु पर्नेछ।

३. सडक स्तरोन्नतीको कार्यगर्दा देहाय वमोजिम हुनेगरी लागत अनुमान गर्नु सम्बन्धित प्राविधिकको कर्तव्य तथा दायित्व हुनेछ।

क) पाँच लाख रुपैया सम्मका योजना भए न्युनतम ७० प्रतिशत संरचना निर्माणमा लगानी गर्नु पर्नेछ र अधिकतम ३० प्रतिशत सुधार विस्तार तथा खन्ने पुर्ने जस्ता कार्यमा लगानी गर्न सकिनेछ।

ख) वीस सलाख रुपैयासम्मका योजना भए अधिकतम ८० प्रतिशत संरचना निर्माणमा लगानी गर्नु पर्नेछ र न्युनतम २० प्रतिशत सुधार विस्तार तथा खन्ने पुर्ने जस्ता कार्यमा लगानी गर्न सकिनेछ।

ग) वीस लाख रुपैयाभन्दा माथीका योजना भए अधिकतम ९० प्रतिशत संरचना निर्माणमा लगानी गर्नु पर्नेछ र न्युनतम १० प्रतिशत सुधार विस्तार तथा खन्ने पुर्ने जस्ता कार्यमा लगानी गर्न सकिनेछ।

४. माथी उल्लेखित कुनैपनि योजना सञ्चालन गर्दा परम्परागत वाटोघाटो, चौपारी, पोखरी, कुलो, पैनी तथा निकास, विग्रने वा

वन्द हुने अवस्था भएमा सोहि योजनामा समावेश गरी त्यस्ता संरचनाहरु पुन निर्माण गर्नु पर्नेछ ।

५. भौतिक पुर्वाधार विकास तर्फका योजना तथा कार्यक्रम सञ्चालनका लागि लागत अनुमान, उपभोक्ताले प्रष्ट वुझ्नेगरी वैकल्पिक रुपमा नेपाली भाषामा समेत तयार गर्नु पर्नेछ ।

६. कुनैपनि योजना तथा कार्यक्रमहरुको प्राविधिक कार्यसम्पादन मुल्यांकन गर्दा पछिसम्म फरक नपर्ने गरीगर्नु पर्नेछ पछि फरक पर्न गएमा सम्बन्धित प्राविधिक जवाफदेहि हुनु पर्नेछ ।

७. जतिसुकै लागत भएका भौतिक पुर्वाधार तर्फका कुनैपनि योजना तथा कार्यक्रमको कार्यसम्पादन मुल्यांकन गर्दा Measurement Book(M.B)भर्नु पर्नेछ ।

८. दैनिक कार्यालय सञ्चालन र व्यवस्थापन, फोहोरमैला व्यवस्थापन लगायतका अन्य विभिन्न क्षेत्रकाएकलाख रुपैया भन्दा साना साना कार्यहरु मात्र अमानतवाट गर्न गराउन सकिनेछ ।

९. आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (DPR)तयार भएको भए सोहि वमोजिमको लागत अनुमान तथा कार्ययोजना निर्माण गर्नु पर्नेछ ।

१०. योजना तथा कार्यक्रमको लागत अनुमान तथा ड्रईङ, डिजाईन गर्दा पुर्ववत रुपमा भएगरेका कार्यहरुलाई आधार मानी गर्न गराउन हुँदैन । त्यस्तो भए गरेको पाईएमा सम्बन्धित प्राविधिकले नै त्यसको जवाफदेहिता वहन गर्नु पर्नेछ ।

११. आयोजनाको लागत अनुमान तथा मुल्यांकन गर्दा स्वीकृत दररेटलाई आधार मान्नु पर्नेछ ।

१२. लागत अनुमान ड्रईङ, डिजाईन तथा कामको मुल्यांकन गर्दा यसमा लेखिएदेखि वाहेकका अन्य कुराहरु प्रचलित कानूनमा व्यवस्था भए वमोजिम हुनेछ ।

१३. खानेपानी, सिञ्चाई, पार्क, पोखरी नर्सरी तथा भवन निर्माण लगायतका अन्य संरचनागत कार्यहरुको हकमा पाँच लाख रुपैयाँसम्मका आयोजना भए अधिकतम३ प्रतिशत वीसलाख रुपैयासम्मका आयोजना भए अधिकतम २ प्रतिशत र सोभन्दा माथीका आयोजना भए अधिकतम१ प्रतिशतसम्म मात्र व्यवस्थापन खर्च गर्न सकिनेछ ।

१४. **अनुगमन गराउनु उपभोक्ता समितिको कर्तव्यः**वुंदा नं. १८ (३) (४) र (५)अनुसारको चरणमायोजना तथा कार्यक्रमको अनुगमन गराउनु उपभोक्ता समिति वा कार्य गराउने निर्माणको कर्तव्य हुनेछ ।

१५. **योजना तथा कार्यक्रमको स्वीकृतिः**नगरसभा/नगर कार्यपालिकावाट स्वीकृत पुर्वाधार विकास सम्बन्धी वजेट तथा कार्यक्रमको अधिनमा रहि योजना तथा कार्यक्रमको लागत अनुमानतथा कार्यसम्पन्न मुल्यांकन प्रतिवेदन स्वीकृत गर्नेसम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुखहरुलाई अधिकार प्रत्यायोजन गरी कार्यसम्पादन प्रणालीलाई सरल र सहज वनाउन सक्नेछ ।

१६. **आयोजनास्तरकोअनुगमन समितिवाट अनुगमनः**आयोजना तथा कार्यक्रमको सम्पन्नता पछि आयोजनास्तरको अनुगमन समितिवाट अनुगमन गरिएको हुनु पर्नेछ । अनुगमनको प्रतिवेदनको ढाँचा अनुसूची ६ मा व्यवस्था भए वमोजिम हुनेछ ।

१७. **सार्वजनिक परिक्षणः**योजना तथा कार्यक्रम सम्पन्न भएपछि फरफरकका लागि नगर कार्यपालिकाको कार्यालय वा वडा कार्यालयमा पेश गर्नुभन्दा अगावै योजनावाट लाभग्राही उपभोक्ताहरुको उपस्थिति र वडा समितिका पदाधिकारी, सदस्य, वा कार्यालयका दर्जापुगेका कर्मचारीको रोहवरमा सार्वजनिक परिक्षण गराउनु पर्नेछ । सार्वजनिक परिक्षण गराउनु अगावै

आयोजनासंग सम्बन्धित आयव्यय तथा भएगरेका कार्यहरु उपभोक्ता समितिको वैठकवाट अनुमोदन गराउनु पर्नेछ । सार्वजनिक परिक्षणको ढाँचा अनुसूची ३ मा व्यवस्था भए वमोजिम हुनेछ ।

१८. **स्थानीय रोजगारीको श्रृजना** : कुनैपनि माध्यामवाट स्थानीय स्तरका योजना तथा कार्यक्रम सञ्चालन गर्दा यथासम्भव स्थानीय नागरिकहरुलाई रोजगारी दिनु पर्नेछ । को कसले के कति रोजगारी लिएको छ सोको सूची तयार गरी उपभोक्ता समितिले वडा कार्यालय मार्फत नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१९.** **उपभोक्ता समितिको गठन**:- १. योजना तथा आयोजनाको प्रभाव क्षेत्रका समुदायको समावेशि सहभागिताका आधारमा वडा अध्यक्ष वडा सदस्य वा वडासचिव वा अन्य कर्मचारीको उपस्थितिमा उपभोक्ता समितिको गठन गरिनेछ ।

२. उपभोक्ता समितिको गठन गर्दा आयोजना प्रभावित क्षेत्रमा रहेका सवै समुदायको सहभागितामाकम्तीमा ४० प्रतिशत महिला सहभागिता हुने र अध्यक्ष कोषाध्यक्ष र सचिवमध्ये एकजना कम्तीमा महिला प्रतिनिधि रहने गरी गठन गर्नु पर्नेछ ।

३. उपभोक्ता समितिको गठन गर्दाकै समयमा उक्त आयोजनाको अनुगमन समिति गठन गर्नु पर्नेछ ।

**२०.** **पुर्वाधार विकास कार्यक्रम सञ्चालनका क्षेत्रहरु**

१. नगर सभा तथा कार्यपालिकाले वडास्तरीय भनि निर्धारण गरी स्वीकृत गरेका योजना तथा कार्यक्रम वडास्तरीय योजना तथा कार्यक्रमको दायरा भित्र पर्नेछन ।

२. भौतिक पुर्वाधार विकास तर्फको वडास्तरीय मुख्य योजना तथा कार्यक्रमलाई सहायक योजना तथा कार्यक्रममा

विभाजित गर्नुपरेमा वडा समितिको निर्णयको आधारमा नगर कार्यपालिकाको कार्यालयवाट कार्यान्वयन गरिनेछ ।

## परिच्छेद ३

## आर्थिक सामाजिक विकास कार्यक्रम सञ्चालनका क्षेत्रहरु

### ६. आर्थिक तथा सामाजिक विकास कार्यक्रम सञ्चालनका क्षेत्रहरु

१. नगर र नगरको सर्वोपरि हितका लागि नगर सभा, नगर कार्यपालिका र कार्यपालिकाको कार्यालयवाट स्वीकृत भएका, संघीय र प्रदेश सरकारवाट स्वीकृत भएका आर्थिक र सामाजिक विकासका कार्यक्रमहरु यस निर्देशिकाको कार्यक्षेत्र भित्र पर्नेछन ।

१. कृषि विकास, फलफुल तरकारी खेती, माहुरी पालन तथा च्याउ खेती जस्ता अन्य विभिन्न कार्यक्रमहरु ।

२. पशु तथा पञ्छि विकास सम्बन्धी कार्यक्रमहरु ।

२. सरकारका विभिन्न तहवाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु देहाय वमोजिमका माध्यामहरुवाट सञ्चालन गर्न सकिनेछ ।

   १. नगर कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाहरु
   २. वडा कार्यालयहरु
   ३. नगर कार्यपालिकाको कार्यालयमा सूचिकृत स्थानीय संघसंस्थाहरु

### ७. आर्थिक तथा सामाजिक विकास कार्यक्रमका सञ्चालनका आधारहरु

१. वडास्तरीय कार्यक्रम अन्तर्गतका आर्थिक, सामाजिक तर्फका कृषि विकास र पशु विकास, महिला तथा वालवालिका, जनजाती, जेष्ठ नागरिक अपांग र पिछडिएका वर्गसम्बन्धी

व्लक वजेटवाट कार्यक्रम निर्धारण गर्दा नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित विषयगत शाखा प्रमुख वा कर्मचारीको उपस्थितिमा निजको रायपरामर्शका आधारमा गर्नु पर्नेछ ।

२. वडास्तरका कृषि तथा फलफुल तरकारी लगायतका आयआर्जन सम्बन्धी व्यवसायहरु, आर्थिक विकास तथा व्यवसाय प्रवर्धनका विभिन्न कार्यक्रमहरु, कृषि उपकरण मर्मत तालिम कार्यक्रम, मौरीघार उत्पादन तथा मौरीपालन, र प्रशिक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने वा अनुदान दिने वा सहकार्यमा गरिने कार्यक्रमहरु सञ्चालन गर्दा न्युनतम७ दिनको सूचना दिई खुलारुपमा प्रस्ताव आव्हान गरी प्रस्तावकहरु मध्येवाट छनौट भएका आधारमा अनुसूची १ वमोजिम कार्यक्रम सञ्चालन वा अनुदान वितरण गर्नु पर्नेछ ।

३. वडास्तरका पशु विकास तथा सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरु, व्यवसायिक किसानलाई उर्जा अनुदान कार्यक्रम, उपकरण सहयोग कार्यक्रम लगायत आर्थिक विकासका विभिन्न कार्यक्रमहरु, र प्रशिक्षण जस्ता कार्यहरुमा अनुदान दिने वा सहकार्यमा गरिने कार्यक्रमहरु सञ्चालन गर्दा न्युनतम ७ दिनको सूचना दिई वडास्तरवाट खुलारुपमा प्रस्ताव आव्हान गरी प्रस्तावकहरु मध्येवाट छनौट भएका आधारमा अनुसूची २ वमोजिम कार्यक्रम सञ्चालन वा अनुदान वितरण गर्नु पर्नेछ ।

४. नगरस्तरका कृषि तथा फलफुल तरकारी लगायतका आयआर्जन सम्बन्धी व्यवसायहरु, व्यवसायिक फलफुल खेती प्रवर्धन तथा विकास, जैविक मल उत्पादन तथा वितरण, विभिन्न नगदे वाली परिक्षण र उत्पादन, वागवानी विकास कार्यक्रम, चिया विकास कार्यक्रम जस्ताआर्थिक विकास तथा व्यवसाय प्रवर्धनका विभिन्न कार्यक्रमहरु, कृषि उपकरण मर्मत तालिम कार्यक्रम, मौरीघार उत्पादन तथा मौरीपालन, र

प्रशिक्षण, परम्परागत पेशा व्यवसायहरु, हस्तकला सम्बन्धी अभिमुखिकरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने वा अनुदान दिने वा सहकार्यमा गरिने जस्ता कृषि विकास तथा प्रवर्धनसंग सम्बन्धित अन्य विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा न्युनतम ७ दिनको सूचना दिई खुलारुपमा प्रस्ताव आव्हान गरी प्रस्तावकहरु मध्येवाट छनौट भएका आधारमा अनुसूची १ वमोजिम कार्यक्रम सञ्चालन वा अनुदान वितरण गर्नु पर्नेछ ।

५. नगरस्तरका पशु विकास तथा सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरु, व्यवसायिक किसानलाई उर्जा अनुदान कार्यक्रम, औजार उपकरण सहयोग कार्यक्रम, भकारो सुधार कार्यक्रम लगायत पशुसेवा, विकास तथा व्यवसाय प्रवर्धन, फिडर वितरण कार्यक्रम जस्तापशुसेवा तथा विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु, र प्रशिक्षण तथा क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने वा अनुदान दिने वा सहकार्यमा गरिने कार्यक्रमहरु सञ्चालन गर्दा न्युनतम ७ दिनको सूचना दिई वडास्तरवाट खुलारुपमा प्रस्ताव आव्हान गरी प्रस्तावकहरु मध्येवाट छनौट भएका आधारमा अनुसूची २ वमोजिम कार्यक्रम सञ्चालन वा अनुदान वितरण गर्नु पर्नेछ ।

६. वुंदा नं २, ३, ४ र ५ अनुसार अनुदान वितरण गराउंदा नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखा वा योजना शाखावाट कार्यक्रम सञ्चालन गर्नेगरी वा अवस्था अनुसार सम्बन्धित वडा कार्यालय मार्फत वितरण गर्न सकिनेछ ।

७. वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम अन्तर्गतका वायोमास प्रविधि (सुधारिएको चुलो) जडान, वायोग्याँस प्रविधि जडान तथा सौर्य उर्जा प्रवर्धन कार्यक्रम अन्तर्गतका कार्यक्रम सञ्चालन गर्दा कम्तीमा १५ दिनको सूचना दिई खुलारुपमा प्रस्ताव आव्हान

गरी प्रस्तावकहरु मध्येवाट छनौट भएका आधारमा कार्यक्रम सञ्चालन वा अनुदान वितरण गर्नु पर्नेछ ।

८. वुदा नं ७ अनुसार वैकलिपक उर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा वा अनुदान वितरणगर्दा सनर्वजनिक मठमन्दिरहरु, उच्च माध्यामिक विद्यालयहरु वा नगर कार्यपालिकाले तोके वमोजिमको वडा वस्ती वा क्षेत्रमा सञ्चालन गर्न सकिनेछ । तर वायोग्याँस प्रविधि जडानको हकमा पशुपालक किसानहरु मध्येवाट छनौट गरी अनुसूची ३ मा उल्लेख भए वमोजिमकार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

९. विउ विजन, विषादी,डाले तथा भुईघाँसको विउ वितरण, पशु नश्ल सुधार, उपचार तथा विभिन्न महामारी विरुद्धको खोप लगाउने जस्ता कार्यक्रमहरु सञ्चालन गर्दा तत्कालिन अवस्था र आवश्यकताका आधारमा सम्बन्धित शाखावाट तयार गरि सम्बन्धित शाखा प्रमुख वा प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतवाट कार्यक्रम स्वीकृत गरी सञ्चालन गर्न सकिनेछ ।

१०. पेशा व्यवसायहरु सञ्चालन गरेका व्यवसायि वा किसानहरुलाई मात्र निजको व्यवसाय प्रवर्धन गर्नका लागि वुदा नं २, ३, ४ र ५ अनुसारसम्बन्धित शाखा वा वडा कार्यालय मार्फत उपलव्ध गराउन सकिनेछ ।

११. विउ विजन, विषादी,डाले तथा भुईघाँसको विउ वितरण, पशु नश्ल सुधार, उपचार तथा विभिन्न महामारी विरुद्धको खोप लगाउने जस्ता कार्यक्रमहरु सञ्चालन गर्दा तत्कालिन अवस्था र आवश्यकताका आधारमा सम्बन्धित शाखावाट तयार गरि प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख वा सम्बन्धित शाखा प्रमुखवाटकार्यक्रम स्वीकृत गरी सञ्चालन तथा कार्यान्वयन गर्न सकिनेछ ।

१२. कृषि तथा पशुपालन तथा अन्य आयआर्जन सम्बन्धी व्यवसायमा संलग्न किसान तथा उद्यमीहरुहरुले तोकिएको मापदण्डका आधारमा समुह दर्ता तथा सूचिकृत गर्न चाहेमा नगर कार्यपालिकाको कार्यालयमा सम्बन्धित वडाको सिफारिश सहित निवेदन दिएमा नगर कार्यपालिकाको कार्यालयले त्यस्तो समुह दर्ता गरिदिनेछ ।

१३. विभिन्न अनुसूचीमा उल्लेखित अनुदान दिनुपर्ने कारण र आधार सम्बन्धित शाखा प्रमुखको समन्वयमा सम्बन्धित विषयगत समितिले तोक्नेछ ।

८. **कार्यक्रम कार्यान्वयन समिति**

१. वार्षिक नीति तथा कार्यक्रम स्वीकृत भएका विभिन्न क्षेत्रका कार्यक्रमहरुलाई छिटो छरितो र प्रभावकारी तवरले कार्यान्वयन गर्नका लागि देहाय वमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

क) संयोजक : नगर प्रमुख

ख) सदस्यः सम्बन्धित विषयगत समितिको संयोजक

ग) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

घ) सदस्यःसम्बन्धित विषयगत शाखा प्रमुख

ङ) सदस्य सचिव : सम्बन्धित शाखा वा उपशाखा प्रमुख

च) आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ५

## संस्थासूचीकरण,कार्यक्रमको स्वीकृति र सञ्चालन,

९. **सामाजिक संस्थाहरुको सूचिकरणः-**

**१.** समाज विकासको विभिन्न क्षेत्रमा संलग्न रहि सञ्चालनमा रहेका महिला दलित जनजाती वालवालिका तथा अन्य

समुदायसंग सम्बन्धित सामाजिक संघसंस्थाहरु, परम्परागत पेशा व्यवसायसंग सम्बन्धित सास्कृतिकसमुहहरु र परामर्श सेवा समेतका संघसंस्थाहरुले नगर कार्यपालिकाको कार्यालयमा सूचिकृत गर्नु पर्नेछ ।

२. उपवुंदा १ अनुसार सूचिकृत भएका सामाजिक संघसंस्थाहरुले प्रत्येक आ.व.को पहिलो ३ महिना भित्र संस्थाको वार्षिक लेखापरिक्षणको विवरण,र सम्बन्धित वडा कार्यालयको सिफारिश सहित संस्था नविकरणका लागि नगर कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्नुपर्नेछ ।

## १०. कार्यक्रम सञ्चालनको प्रस्ताव पेश गर्न सक्ने

१. वुँदा १० अनुसार नगर कार्यपालिकाको कार्यालयमा सूचिकृत र नविकृत भएका सामाजिक संघसंस्थाहरुले मात्र कार्यक्रमको ढाँचा, कार्यक्रममा समावेश गरिने विषयवस्तु, सहजकर्ता, सहभागिता, कार्यक्रमको आर्थिक प्रस्ताव र कार्यक्रमवाट अपेक्षित उपलव्धी सहित नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछन ।

२. समुदायकोसिप तथा क्षमता विकास तालिमको हकमा:- समुदायको आयआर्जन गर्ने प्रकृतिका कार्यमा मेशिनरी सामानहरुको प्रयोग गर्नुपर्ने अवस्थामा वाहेक सामान्यतया स्थानीय श्रोत साधन सिप तथा कच्चा पदार्थको प्रयोग गर्नेगरी पेश गर्नु पर्नेछ ।

३. लक्षित वर्गका कार्यक्रम र अन्य तालिम सेमिनार गोष्ठी जस्ता कार्यक्रम सञ्चालनको पारश्रिमिक लगायतका खर्च सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयवाट स्वीकृत कार्यसञ्चालन निर्देशिका २०७३ मा व्यवस्था भए वमोजिम हुनेछ ।

४. चियाखाजा खाना तथा स्टेशनरी खर्च आवश्यकता र औचित्यताका आधारमा गर्नु पर्नेछ ।

५. दक्ष अदक्ष कामदार तथा ज्याला मजदुरी एवं निर्माण तथा अन्य सामग्री सम्बन्धी कार्य भएस्वीकृत भएको दररेट वमोजिम हुनेछ ।

६. कार्यक्रमहरु परिणाममुखि, रोजगारीमुलक र स्वरोजगारीमुलक हुनु पर्नेछ ।

**११. स्थानीयआर्थिक तथा सामाजिक विकास कार्यक्रमका क्षेत्रहरुः-**

१. कृषि उत्पादन, फलफुल, विउविजन, मौसमी र वेमौसमी तरकारी तथा च्याउ उत्पादन, फलफुल तथा तरकारीका विरुवा वितरण, पशुपञ्छिपालन, मासु, अण्डा तथा दुग्ध उत्पादन एवं दुग्धजन्य अन्य पदार्थ उत्पादन, मौरीघार उत्पादन तथा मौरीपालन, सिलाई, वुनाई, वुट्टेनली निर्माण, चियाखेती लगायतका समुदायको आर्थिक सामाजिक विकासमा सघाउ पुग्ने प्रकृतिका रोजगारी तथा स्वरोजगारी मुलक तालिम एवं प्रशिक्षण एकल तथा लागत साझेदारीमा सञ्चालन गर्न सकिनेछ ।

२. मानव तथा महिला अधिकार, कानूनी सचेतना, लैंगिक तथा घरेलुहिंसा, महिला, दलित, जनजाती, अपांग,जेष्ठ नागरिक, मुस्लीमतथा अन्य पिछडा वर्ग तथा समुदायको अधिकार,वालअधिकार, वाल वचाउ, वालविकास, वालसंरक्षण र वाल सहभागिता,कृषि, वन, वातावरण युवा विकास तथा खेलकुद,सामाजिक कुसंस्कार र सामाजिक व्यवहार सुधार, जस्ता सामाजिक मुल प्रवाहिकरणका अन्य विभिन्न विषयमा सामुदायिक सशक्तिकरण, क्षमता विकास तथा सचेतनामुलक कार्यक्रमहरुलैंगिक तथा सामाजिक समावेशिकरणका कार्यक्रमहरु एकल तथा लागत साझेदारीमा सञ्चालन गर्न सकिनेछ ।

३. व्यवसायिक कृषि उत्पादन, विउ विजन, विषादी तथा मौसमी र वेमौसमी फलफुल, तरकारी खेती, च्याउ खेती, पशुपञ्छि

पालन, मासु, अण्डा तथा दुग्ध उत्पादन एवं दुग्धजन्य अन्य पदार्थ उत्पादन, मौरीपालन, सिलाई, वुनाई, लगायतका समुदायको आर्थिक सामाजिक विकासमा सघाउ पुग्ने प्रकृतिका अन्य विभिन्न पेशा व्यवसायको प्रवर्धनका लागि किसानहरु वा व्यवसयिक फर्महरुलाई एकल तथा लागत साझेदारीमा विशेष अनुदान उपलव्ध गराउन सकिनेछ ।

१२. **कार्यक्रमको स्वीकृति :-** निर्देशिकामा उल्लेखित विषयसंग सम्बन्धितकार्यक्रमहरु वागलुङ नगर कार्यपालिकाको कार्यालयमा पेश गरेपछि स्वीकृत वजेटको परिधि भित्र रहि आवश्यकता र औचित्यताका आधारमा लागतअनुमान वजेट सहित अधिकार प्राप्त अधिकारी वा निकायवाट कार्यक्रम स्वीकृत भएपछि द्धिपक्षिय संझौतागरी सञ्चालन गर्न सकिने छ ।

१३. **लक्षित वर्गका कार्यक्रमहरुको स्वीकृतिको सिमा** :-लक्षित वर्ग तथा अन्य परामर्श सेवाका कार्यक्रमहरु देहाय वमोजिम स्वीकृत गरिने छ ।

१. दशलाखरुपैयासम्मका कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत वा निजले अख्तियार गरेको अधिकृत वा सम्बन्धित शाखा प्रमुखहरुवाट स्वीकृत हुनेछन ।

२. दशलाख रुपैयाँभन्दा माथीका कार्यक्रमहरु प्रमुख प्रशासकीय अधिकृतवाट मात्र स्वीकृत हुनेछन ।

१४. **कार्यक्रमको सञ्चालन**:-

१. सामान्यतया कार्यक्रम मागको आधारमा स्वीकृति र सञ्चालन गरिने छ ।

२. व्यवसायिक उत्पादन तथा उद्यम विकासको क्षेत्रमा महत्वपुर्ण योगदान पुग्ने प्रकृतिको व्यवसाय सञ्चालन तथा प्रवर्धन हुने

प्रकृतिका कार्यक्रमहरु नगर कार्यपालिका र कार्यपालिकाको कार्यालयवाट निर्धारण र स्वीकृत गरी कुनै क्षेत्र वर्ग र समुदाय विशेषमा कार्यक्रमहरु आवश्यकता र औचित्यताको आधारमा पनि कार्यपालिकाको कार्यालयको तर्फवाट कार्यक्रम सञ्चालन गरिनेछ ।

३. भौतिक पुर्वाधार विकास तथा मर्मत सम्भारका कार्यक्रमहरु आवश्यकताका आधारमा सञ्चालन गरिनेछ ।

४. वडास्तरीय भौतिक पुर्वाधार विकासका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरिने छ र नगर कार्यपालिकावाट सञ्चालन गरिने भौतिक पुर्वाधार विकासका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति वा प्रचलित कानूनमा व्यवस्था भए वमोजिम ठेक्का पट्टावाट सञ्चालन गरिनेछ ।

५. आवश्यकताका आधारमा कानून वमोजिम अमानतवाट कार्यसम्पादन गर्न कुनै वाधा पर्नेछैन । यसरी योजना तथा कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद विधिमा सारभुत रुपमा फरक नपर्ने गरी गर्नु पर्नेछ ।

## **१५. कार्यक्रमको संझौता सञ्चालन र प्रतिवेदन :-**

१. वडाको स्वीकृत कार्यक्रम भित्र परेको भए पाँचलाख रुपैयासम्मका योजना तथा कार्यक्रमहरु वडा समितिको निर्णयानुसार वडा सचिव र उपभोक्ता समितिका अध्यक्ष वा सचिवको वीचमा संझौता हुनेछ ।

२. दश लाखरुपैया भन्दा माथीका सवै योजना तथा कार्यक्रमहरुप्रमुख प्रशासकीय अधिकृत वा निजले अख्तियार गरेको सम्बन्धित अधिकृतवाट संझौतागर्न सकिने छ ।

३. संभौतामा उल्लेखित शर्त तथा निर्देशिकाले निर्देश गरेवमोजिम कार्यक्रम सञ्चालन गर्ने, कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम सञ्चालन सम्बन्धी विषयहरु र उपलव्धीहरुमापन सहितको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ ।

४. वुंदा नं ३ अनुसारको प्रतिवेदन प्राप्त भएपछि मात्र संभौता अनुसारको अन्तिम रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद ६

## योजना तथा कार्यक्रम सम्पन्नताभुक्तानी र पारदर्शिता

### १६. योजना तथा कार्यसम्पन्नतार भुक्तानी

१. स्वीकृत कार्यक्रम भित्र परेको भौतिक पुर्वाधार विकास तर्फका उपभोक्ता समिति मार्फत सञ्चालनमा रहेका सवै योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिको निर्णय सहितको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन, सार्वजनिक परिक्षण प्रतिवेदन, उपभोक्ता समितिवाट भएको आयोजनाको आयव्यय अनुमोदन गरेको निर्णय प्रति, कार्यसम्पादनसंग सम्बन्धितनियमानुसारका विल भर्पाईहरु, सम्बन्धित अनुगमन समितिको कार्यसम्पन्न प्रतिवेदन, सम्बन्धित प्राविधिकको कार्यसम्पन्न मुल्यांकन प्रतिवेदन, सम्बन्धित वडा समितिको सिफारिशका आधारमा नगर कार्यापालिकाको कार्यालयवाट फरफारक गरि अन्तिम भुक्तानी गरिनेछ ।

२. तिनलाख रुपैया भन्दा साना योजनाहरुमा सामान्यतया पेश्की निरुत्साहित गरि कार्यको आधारमा रनिङ विल भुक्तानी गरी शुन्य पेश्कीको अवधारणालाई आत्मसाथ गरिनेछ ।

३. तिनलाख रुपैयाभन्दा माथीका योजनाहरुमा माग र आवश्यकताको आधारमा ३० प्रतिशतसम्म पेश्की उपलव्ध गराईनेछ र पहिलो भुक्तानी गर्दा त्यस्तो पेश्की फर्छ्योट गरी रनिङ विलको आधारमा भुक्तानी गरिनेछ ।
४. ठेक्कापट्टावाट सञ्चालन गरिएका आयोजनाहरको अन्तिम मुल्यांकन, फरफारक तथा भुक्तानी प्रचलित नियमानुसार हुनेछ ।
५. लक्षित वर्ग मुलप्रवाहिकरण, परामर्श सेवा तथा अन्य विभिन्न कार्यक्रमहरु,सम्बन्धित पक्षको प्रतिवेदन तथा विल भर्पाईहरुको आधारमा नगरकार्यपालिकाको कार्यालयवाट फरफारक गरि अन्तिम भुक्तानी गरिनेछ ।

**१७. आम्दानी तथा खर्चको पारदर्शिता :-**

१. वडा कार्यालयवाट भए गरेको आय व्ययको मासिक विवरण अनुसूचि ४वमोजिमको ढाँचामा प्रत्येक महिनाको पहिलो वडा समितिको वैठकमा पेशगर्ने र प्रत्येक महिनाको ७ गते भित्रउक्त विवरण नगर कार्यपालिकाको कार्यालयमा पठाउने दायित्व सम्बन्धित वडा सचिवको हुनेछ ।
२. नगर कार्यपालिकाको कार्यालयवाट भए गरेको आय तथा व्ययको विवरण अनुसूचि ५वा म.ले.प. फा.नं. १३ वमोजिमको ढाँचामा प्रत्येक महिनाको पहिलो कार्यपालिकाको वैठकमा पेश गर्ने र प्रत्येक महिनाको १५ गते भित्र सम्बन्धित निकायमा पठाउने र न.पा.को website मा सार्वजनिक गराउने दायित्व सम्बन्धित लेखा उत्तरदायि अधिकृत वा जिम्मेवार अधिकारीको हुनेछ ।
३. वडा तथा नगर कार्यपालिकाको कार्यालयवाट भएगरेका आयव्यय तथा अन्य कार्यको विवरण मासिक रुपमा विभिन्न सञ्चार माध्यमवाट सार्वजनिक गरिनेछ ।

४. नगर कार्यपालिकाको कार्यालयवाट भुक्तानी गरिने सवै श्रेस्ता पुर्जाको सुरक्षा गर्ने लेखा परिक्षण गराउने जिम्मेवारी तथा जवाफदेहिता लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

## परिच्छेद ७

## अनुगमन र मुल्यांकन

### १८. अनुगमन, मुल्यांकन र प्रतिवेदन

१. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतवाट उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजना तथा कार्यक्रम स्तरमा उपभोक्ता भेलावाट गठित अनुगमन समिति रहने छ ।

२. भौतिक पुर्वाधार विकास तर्फका पाँचलाख रुपैयाँसम्मका योजना तथा कार्यक्रमहरुको अनुगमन वुँदा नं ४ मा व्यवस्था भए वमोजिमको रित अनुसार आयोजनास्तरीय अनुगमन समितिले प्राविधिक कर्मचारी सहित अनुगमन गर्नेछ ।

३. भौतिक पुर्वाधार विकास तर्फका दशलाख रुपैयासम्मका योजना तथा कार्यक्रमहरुको अनुगमन, वडास्तरीय अनुगमन समितिले सम्बन्धित प्राविधिक कर्मचारी सहित २ चरणमा गर्नेछ । अनुगमन गर्दा आयोजनासंग सम्बन्धित विषय विज्ञ वा शाखा प्रमुख वा जानकार व्यक्तिलाई सहभागि गराउनु पर्नेछ । प्रारम्भिक अनुगमन, संझौता भै कार्यथालनी भएपछि र अन्तिम चरणको अनुगमन कार्यसम्पन्न भएपछि गर्नुपर्नेछ । अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची ७ मा व्यवस्था भए वमोजिम हुनेछ ।

४. भौतिक पुर्वाधार विकास तर्फका दशलाख रुपैयाँभन्दा माथीका योजना तथा कार्यक्रमहरुको अनुगमन नगरस्तरीय अनुगमन

समितिले २ चरणमा गर्नेछ । अनुगमन गर्दा आयोजनासंग सम्बन्धित विषय विज्ञ वा जानकार व्यक्ति वा शाखा प्रमुखलाई सहभागि गराउनु पर्नेछ । प्रारम्भिक अनुगमन, संझौता भै कार्यथालनी भएपछि कार्यको प्ररम्भिक वा मध्य विन्दुमा र अन्तिम चरणको अनुगमन कार्यसम्पन्न भएपछि गर्नुपर्नेछ । अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची ६ मा व्यवस्था भए वमोजिम हुनेछ ।

५. भौतिक पुर्वाधार विकास तर्फका विस लाख रुपैयाँभन्दा माथीका योजना तथा कार्यक्रमहरुको अनुगमन नगरस्तरीय अनुगमन समितिले ३ चरणमा गर्नेछ । प्रारम्भिक अनुगमन कार्यथालनी भएपछि, दोश्रो अनुगमन कार्यको प्ररम्भिक वा मध्य विन्दुमा र अन्तिम चरणको अनुगमन कार्यसम्पन्न भएपछि गर्नुपर्नेछ । अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची ८ मा व्यवस्था भए वमोजिम हुनेछ ।

६. उपरोक्त वमोजिमको कार्यसञ्चालन भएको समयको जानकारी अनुगमन समितिलाई दिनु उपभोक्ता समितिको दायित्व र कर्तव्य हुनेछ ।

७. वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालय मार्फत सञ्चालन गरिने आर्थिक तथा सामाजिक विकासका योजना तथा कार्यक्रमहरुको अनुगमन नगर कार्यपालिकाको कार्यालयस्तरीय अनुगमन समितिले अनुगमन गर्नेछ । उक्त समितिमा देहाय वमोजिमको अनुगमन समिति रहनेछ ।

   क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत संयोजक

   ख. सम्बन्धित विषयगत शाखा प्रमुख सदस्य

   ग. सम्बन्धित वडाको वडा वडा सचिव सदस्य

   घ. सम्बन्धितशाखाको कार्यक्रम हेर्ने कर्मचारी सदस्य सचिव

८. उपरोक्त वमोजिमको कार्यसञ्चालन भएको समयको जानकारी अनुगमन समितिलाई दिनु ओजना कार्यान्वयनको जिम्मेवारी प्राप्त समिति, संघसंस्था वा व्यक्ति वा समुहको दायित्व र कर्तव्य हुनेछ ।

९. वडा कार्यालयको जिम्मेवारीमा सञ्चालन भएको योजना तथा कार्यक्रमको श्रेस्ता पुर्जा सुरक्षित राख्ने, लेखा परिक्षण गराउने जिम्मेवारी र जवाफदेहिता सम्बन्धित वडा सचिवको हुनेछ ।

१०. वडा कार्यालयवाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरु र वडा कार्यालयवाट प्रवाह भएका र सेवा तथा सम्पादित कार्यहरुको प्रतिवेदन महिना समाप्त भएको मितिले ७ दिन भित्र मासिक प्रतिवेदन, चौमासिक र अर्धवार्षिक प्रतिवेदन १० दिन भित्र र वार्षिक प्रतिवेदन १५ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

१२. नगर कार्यपालिकाको कार्यालयवाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरु, दैनिक नियमित रुपमा सम्पादित कार्यहरु र वडा कार्यालयवाट प्राप्त भएका प्रतिवेदनहरुका आधारमा समष्ठिगत प्रतिवेदन तयार गरी महिना समाप्त भएको मितिले ७ दिन भित्र मासिक प्रतिवेदन, चौमासिक र अर्धवार्षिक प्रतिवेदन १५ दिन भित्र र वार्षिक प्रतिवेदन ३० दिन भित्र तयार गरी अभिलेखमा राख्ने र सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

# परिच्छेद ८
## विविध

### १९. परामर्श समिति सम्बन्धी व्यवस्था :-

१. नगरको समग्र विकास र नगरवासीहरुको वृहत्तर हितका लागि नगरको Vision Mission goal Objective लाई प्रभावकारी तवरले कार्यान्वयन गर्नका लागि विभिन्न विषयसंग सम्बन्धित वढिमा ९ जना विषय विज्ञ परामर्शदाता समुह रहनेछ ।

२. विषय विज्ञहरुको मनोनयन सम्बन्धित विषयगत समितिका संयोजकहरको परामर्शमा नगर प्रमुखवाट हुनेछ र विषय विज्ञ परामर्श दाताहरको वैठक नगर प्रमुखको अध्यक्षतामा वस्नेछ ।

३. परामर्श दाताहरुको काम, कर्तव्य, अधिकार र सेवा सुविधा नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

### २०. राहत /आर्थिक सहायता :

१. असहाय दिन:दुखी तथा दीर्घ विरामीहरुले आर्थिक सहायता मागगरी आएमा देहाय वमोजिमको आधार लिई नगर प्रमुखको निर्णयले देहाय वमोजिम आर्थिक सहायता तथा कार्यक्रम खर्च उपलव्ध गराउन सकिनेछ ।

   १. असहाय दिन:दुखि भए सम्बन्धित व्यक्तिको लिखित निवेदन र अवस्था अनुसार सम्बन्धित वडाको सिफारिश ।

   २. विरामी भए सम्बन्धित व्यक्तिको निवेदन रोग निधान सहितको सम्बन्धित अस्पतालको चिकित्सकको प्रेस्कृप्शन र सम्बन्धित वडाको सिफारिश ।

   ३. दैविप्रकोपवाट पिडित भए सम्बन्धित व्यक्तिको लिखित निवेदन, स्थानीय प्रहरीको घटना मुचुल्का सहितको प्रतिवेदन र सम्बन्धित वडाको सिफारिश ।

२. राहत/आर्थिक सहायताको सिमा

1. असहाय दिनः दुखि भए अधिकतमरु ५,०००।-
2. न्युन तथा कमजोर आय भएका भए अधिकतम रु१०,०००।-
3. दिर्घरोगी भए अधिकतम रु १५,०००।-
4. दैवि तथा प्राकृतिक प्रकोप पिडित भए अवस्था हेरी अधिकतम रु ४०,०००।-

३. वार्षिक नीति तथा कार्यक्रम स्वकित भई एकमुष्ठ वजेट व्यवस्थापन भएको वजेटवाट नगर कार्यपालिकाको कार्यालयव वा वडा कार्यालयहरु वा अन्य कुनै संघसंस्था वा निकायवाट माग भई आएका कुनै कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा नगर प्रमुखले सम्बन्धित स्वीकृत वजेटको सिमा भित्ररहि वढिमा रु १,००,०००।- एकलाख रुपैया सममको कार्यक्रम स्वीकृत गर्न सक्नेछ ।

४. तत्काल व्यवस्थापन गर्नुपर्ने फोहोरमैला व्यवस्थापन, प्राकृतिक प्रकोप, आगजनी, वाढी पहिरो आदीजस्ता विपद व्यवस्थापन सम्बन्धी कार्यमा कार्यक्रम सञ्चालन गर्दा तत्कालिन अवस्था र आवश्यकताका आधारमा सञ्चालन गर्न सकिनेछ ।

**२१. वचाउ**ः यो निर्देशिका लागु हुनुपुर्व भएगरेका यस सम्बन्धी सवै कार्यहरु यसै निर्देशिका वमोजिम भएगरेको मानिनेछ र यस कार्यविधिमा उल्लेख गरिएका सशर्त तर्फका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि संघ तथा प्रदेशस्तरवाट वनेका विधि कार्यविधि भएमा सोहि वमोजिका प्रकृयाहरुको अवलम्वन गरिने छ ।

**२२. संशोधन** :- यस निर्देशिकामा कुनै विषय थपघट वा हेरफेर गर्नुपरेमा नगर कार्यपालिकाको निर्णयले हेरफेर गर्न वा संशोधन गर्न सकिनेछ ।

अनुसूचि १

(निर्देशिकाको परिच्छेद ३वुंदा नं ७ को उपवुंदा २ र ४ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

**कृषि व्यवसायमा अनुदान**

| सि. नं. | व्यवसायको विवरण | अनुदान रकम | | कैफियत |
|---|---|---|---|---|
| | | न्युनतम | अधिकतम | |
| १ | मिनि टेलर हलो वितरणमा अनुदान | ३० प्रतिशत | ५० प्रतिशत | |
| २ | व्यवसायिक तरकारी खेती (न्युनतम १ वटा स्थायी टनेल)धातुजन्य पदार्थवाट वनेको भए प्रति टनेल | २०,०००।- | ५०,०००।- | |
| ३ | व्यवसायिक तरकारी खेती (न्युनतम २वटा टनेल) अस्थायी | ५,०००।- | १५,०००।- | प्रति टनेल |
| ४ | सुन्तला खेती व्यवस्थापन (न्युनतम ३ रोपनीमा खेती भएको)प्रति रोपनी | ४,०००।- | | प्रति रोपनी |
| ५ | कागती खेती व्यवस्थापन (२ रोपनी मा खेती भएको भए) प्रति रोपनी | ५,०००।- | | प्रति रोपनी |
| ६ | च्याउखेती व्यवस्थापन ८×२४ मिटरको टनेल भएप्रति टनेल | ५,०००।- | | प्रति रोपनी |
| ७ | अलैंचि खेती  व्यवस्थापन (५ रोपनीमा खेती भएको) प्रति रोपनी | ५,०००।- | | प्रति रोपनी |
| ८ | केरा खेती व्यवस्थापन (५ रोपनीमा खेती भएको) | ५,०००।- | | प्रति रोपनी |

| | | | | |
|---|---|---|---|---|
| | प्रति रोपनी | | | |
| ९ | किवि खेती (२ रोपनी सम्ममा खेती भएको भए) प्रति रोपनी | ५,०००।- | | प्रति रोपनी |
| १० | सुन्तला, कागती आँप लिचि र केरा लगायतका विरुवा (प्रति विरुवा) | ५० प्रतिशत | | प्रति विरुवा |
| ११ | सिञ्चाई पाईप (समुहमा आधारित) | ५० प्रतिशत | | |
| १२ | सिंचाई पाईप (व्यवसायिक किसान भए) | ५० प्रतिशत | | |
| १३ | घाँस तथा दाना निर्माण मेशिन औजार खरिद | ५० प्रतिशत | | |

नोट : कुनैपनि औजार उपकरण उपलव्ध गराइएको व्यक्ति वा समुह वा संस्थालाई अर्को ५ वर्ष सम्म यस्तो सुविधा उपलव्ध गराईने छैन । संघ वा प्रदेश सरकारका कुनै निकायवाट कुनै सुविधा लिएको भए दोहोरो पर्ने गरी यस वमोजिमको सुविधा उपलव्ध गराईने छैन ।

अनुसूचि २

(निर्देशिकाको परिच्छेद ३ वुंदा नं ७ को उपवुंदा ३ र ५ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

पशुपालन व्यवसाय तथा प्रवर्धन कार्यमा अनुदान

| सि. नं. | व्यवसायको विवरण | ईकाइ | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | गाई भैंसी पालन व्यवसाय (भकारोसुधार कार्यक्रम) | प्रति पशु | २,०००।- | न्युनतम ५ वटा गाई भैंसी पशु हुनुपर्ने छ |
| २ | वाखा पालन व्यवसाय (खोर सुधार कार्यक्रम) | प्रति पशु | १,५००।- | न्युनतम ४ माउवाखा भएको हुनुपर्ने छ |
| ३ | कुखुरा पालन व्यवसाय (खोर सुधार कार्यक्रम) | प्रति कुखुरा | १०० | कुखुरा न्युनतम १०० हुनुपर्ने छ |
| ४ | वंगुर पालन व्यवसाय | प्रति वंगुर | २००। | न्युनतम ५ माउ वंगुर हुनु पर्नेछ |
| ३ | प्रतिदिन कम्तीमा दैनिक२५ लिटर देखि १५० टिरसम्म दुध उत्पादन तथा विक्रिवितरण गर्ने | प्रति लिटर ५० पैसा | | |
| ४ | वाखा पालन व्यवसाय (प्रति वर्ष १०० के.जी. सम्म मासु उत्पादन तथा विक्रि वितरण) | प्रति के.जी. रु ५०- | | |
| | **कुखुरा पालन व्यवसाय** | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | मासु उत्पादन (वार्षिक १०,००० के.जी. सम्म मासु उत्पादन र विक्रि वितरण गर्ने) | प्रति के.जी. रु २।- | | |
| ६ | अण्डा उत्पादन (प्रति महिना १,००० सम्म अण्डा उत्पादन तथा विक्रिका वितरण गर्ने) | प्रति अण्डा रु २।- | | |
| ७ | माहुरी पालन व्यवसाय, घार व्यवस्थापन (प्रतिवर्ष १०० के.जि. उत्पादन तथा विक्रि वितरण गर्ने ) | प्रति के.जी. रु १००।- | | |
| ८ | वंगुर पालन व्यवसाय,प्रति महिना ५०० के.जी. मासु उत्पादन तथा विक्रि वितरण गर्ने | प्रति के.जी. रु ५ | | |
| ९ | माछापालन व्यवसाय, (प्रति वर्ष१००० के.जी. माछा उत्पादन तथा विक्रि वितरण गर्ने | प्रति के.जी. रु २० | | |
| १० | खरायो पालन व्यवसाय, (प्रति वर्ष २०० के.जी. मासु उत्पादन तथा विक्रि वितरण गर्ने) | प्रति के.जी. रु ३० | | |
| १० | मिल्क एनालाईजर तथा डि-फ्रिज वितरण (कम्तीमा दैनिक ३०० लिटर दुध संकलन गर्ने संकलन केन्द्र हुनु पर्नेछ ) | ५० प्रतिशत अनुदान | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | व्यवसायिक घाँस उत्पादन ( ५ रोपनी सम्ममा खेती गरेको भए) प्रति रोपनी | २,०००।- | | |
| १२ | काठ वा वाँसको सिजनिङ प्लाण्ट | न्युनतम लागतको १० प्रतिशत र अधिकतम रु पाँलाख रुपैयासम्म | | अधिकतम |

नोट : अनुदान उपलव्ध गराउँदा सम्बन्धित निकायमा व्यवसाय दर्ता भएको र कानून वमोजिम विक्रि विल(कम्तीमा प्यान विल) सहित सम्बन्धित वडा कार्यालयको सिफारिशको आधारमा अनुदान उपलव्ध गराईनेछ । संघ वा प्रदेश सरकारका कुनै निकायवाट कुनै सुविधा लिएको भए दोहोरो पर्ने गरी यस वमोजिमको सुविधा उपलव्ध गराईने छैन ।

अनुसूचि ३

(निर्देशिकाको परिच्छेद ३ वुंदा नं ७ को उपवुंदा ७ र ८ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

## वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम अनुदान

| सि.नं | व्यवसायको विवरण | अनुदान रकम | अनुदानको क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सुधारिएको चुलो (वायोमास) प्रविधि जडान | नविकरणीय उर्जा प्रवर्धन नीति २०७३ मा व्यवस्था भए वमोजिम | गृहस्थी | |
| २ | वायोग्याँस प्रविधि जडान कार्यक्रम | नविकरणीय उर्जा प्रवर्धन नीति २०७३ मा व्यवस्था भए वमोजिम | पशुपालक किसानहरु | |
| ३ | सौर्य उर्जा प्रविधिको जडान कार्यक्रमल (कम्तीमा १० वटा वत्ति वाल्ने क्षमताको प्लाण्ट जडान गरेको हुनु पर्नेछ) | नविकरणीय उर्जा प्रवर्धन नीति २०७३ मा व्यवस्था भए वमोजिम | विद्यालयहरु मठमन्दिरहरु तथा अन्य सार्वजनिक स्थलहरु | |
| ४ | वायो व्रिकेट उत्पादनका लागि वायो व्रिकेट मेशिन अनुदान | नविकरणीय उर्जा प्रवर्धन नीति २०७३ मा व्यवस्था भए वमोजिम | उद्यमी व्यवसायीहरु | |

अनुसूचि ४

(निर्देशिकाको वुंदा नं १८ को उप वुंदा १ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

वडा नं .........को कार्यालय ..............

२०७४ साल ................... महिनाको खर्च विवरण

| मिति | गो.भा.नं. | खर्चको शिर्षक | खर्च वापतको विवरण | खर्च रकम | भुक्तानी गरिएको पाटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.............................. ............................

तयार गरी पेश गर्ने | प्रमाणित गर्ने

नामथरः- | नाम थरः-

दर्जा | दर्जा

अनुसूचि ५

(निर्देशिकाको वुंदा नं १८ को उप वुंदा २ संग सम्बन्धित)

वागलुङ नगरपालिका

नगर कार्यपालिकाको.कार्यालय

२०७४ साल .................. महिनाको खर्च विवरण

| मिति | गो.भा. नं. | खर्चको शिर्षक | खर्च वापतको विवरण | खर्च रकम | भुक्तानी गरिएको पाटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

............................

तयार गरी पेश गर्ने

नामथरः-

दर्जा

...........................

प्रमाणित गर्ने

नाम थरः-

दर्जा

अनुसूचि ६

(निर्देशिकाको वुंदा नं १८ को उपवुँदा २संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

आयोजना स्तरीय अनुगमन समिति

श्री ........................................... ...........................

उपभोक्ता समिति वडा नं ........... वागलुङ

वागलुङ नगरपालिकावाट चालु आ.व. का लागि स्वीकृत देहायको योजनाको ........................... अनुगमन गर्दा देखिएको अनुगमन विवरण निम्नानुसार रहेको छ ।

१. योजनाको नाम :

२. योजना सञ्चालन स्थल :

३. संझौता मिति :

४. सम्पन्न मिति :

५. योजनाको किसिम :

७. अनुगमन मिति

| ल.ई अनुसार गर्नुपर्ने कार्यहरु | हालसमम भएका कार्यहरु | सुधार गर्नुपर्ने सुझावहरु |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | २. |
| ३. | ३. | ३ |
| ४. | ४. | ४. |
| ५. | ५. | ५. |

## अनुगमन गर्ने पदाधिकारी तथा सदस्यहरु

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

## अनुगमन समितिको निर्णय

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

**संयोजक** **अनुगमन समिति**

अनुसूचि ७

(निर्देशिकाको वुंदा नं १८को उप वुंदा३ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

वडास्तरीय अनुगमन समिति

श्री ............................................. ............................

उपभोक्ता समिति वडा नं ........... वागलुङ

वागलुङ नगरपालिकावाट चालु आ.व. का लागि स्वीकृत देहायको योजनाको ........................... अनुगमन गर्दा देखिएको अनुगमन विवरण निम्नानुसार रहेको छ ।

१. योजनाको नाम :
२. योजना सञ्चालन स्थल :
३. संझौता मिति :
४. सम्पन्न मिति :
५. योजनाको किसिम :
७. अनुगमन मिति

| **ल.ई अनुसार गर्नुपर्ने कार्यहरु** | **हालसमम भएका कार्यहरु** | **सुधार गर्नुपर्ने सुझावहरु** |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | २. |
| ३. | ३. | ३ |
| ४. | ४. | ४. |
| ५. | ५. | ५. |

## अनुगमन गर्ने पदाधिकारी तथा सदस्यहरु

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

## अनुगमन समितिको निर्णय

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

**संयोजक** **अनुगमन समिति**

अनुसूचि ८

(निर्देशिकाको वुंदा नं १८ को उप वुंदा ५ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

नगरस्तरीय अनुगमन समिति

श्री वागलुङ नगर कार्यपालिकाको कार्यालय
वागलुङ ।

वागलुङ नगरपालिकावाट चालु आ.व. का लागि स्वीकृत देहायको योजनाको ......................... अनुगमन गर्दा देखिएको अनुगमन विवरण निम्नानुसार रहेको छ ।

१. योजनाको नाम :
२. योजना सञ्चालन स्थल :
३. संझौता मिति :
४. सम्पन्न मिति :
५. योजनाको किसिम :
७. अनुगमन मिति

| **ल.ई अनुसार गर्नुपर्ने कार्यहरु** | **हालसम्म भएका कार्यहरु** | **सुधार गर्नुपर्ने सुझावहरु** |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | २. |
| ३. | ३. | ३. |
| ४. | ४. | ४. |
| ५. | ५. | ५. |

**अनुगमन गर्ने पदाधिकारी तथा सदस्यहरु**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

**अनुगमन समितिको निर्णय**

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

**संयोजक** **अनुगमन समिति**

अनुसूचि ९

(निर्देशिकाको वुंदा नं १८को उप वुंदा ७ संग सम्बन्धित)

वागलुङ नगर कार्यपालिकाको कार्यालय

कार्यालयस्तरीय अनुगमन समिति

श्री वागलुङ नगर कार्यपालिकाको कार्यालय
वागलुङ

वागलुङ नगरपालिकावाट चालु आ.व. का लागि स्वीकृत देहायको योजनाको ........................... अनुगमन गर्दा देखिएको अनुगमन विवरण निम्नानुसार रहेको छ ।

१. योजनाको नाम :

२. योजना सञ्चालन स्थल :

३. संझौता मिति :

४. सम्पन्न मिति :

५. योजनाको किसिम :

७. अनुगमन मिति

| **गर्नुपर्ने कार्यहरु** | **भएका कार्यहरु** | **सुधार गर्नुपर्ने सुझावहरु** |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | २. |
| ३. | ३. | ३ |
| ४. | ४. | ४. |
| ५. | ५. | ५. |

**अनुगमन गर्ने पदाधिकारी तथा सदस्यहरु**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

**अनुगमन समितिको निर्णय**

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

**संयोजक** **अनुगमन समिति**

प्रमाणिकरण

जनकराज पौडेल

नगर प्रमुख

प्रमाणिकरण मिति : २०७५।१२।१५

आज्ञाले

भीम बहादुर कुँवर

प्रमुख प्रशासकीय अधिकृत